# प्रदेश सरकार
# उद्योग, कृषि तथा सहकारी मन्त्रालय
## कोशी प्रदेश
## विराटनगर (नेपाल)

**औद्योगिक तथा व्यापार मेला प्रदर्शनी सहयोगका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८०/०८/१९ गते**

प्रस्तुत बिषयमा यस मन्त्रालयको आ.व.२०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत "औद्योगिक मेला सहयोग कार्यक्रम" समाविष्ट रहेकाले कोशी प्रदेश भित्र औद्योगिक व्यापार मेला तथा प्रदर्शनी संचालन गर्न ईच्छुक औद्योगिक एवं व्यापारिक क्षेत्रसँग सम्बन्धित संघ संस्थाहरुबाट तपसिलमा उल्लेखित कागजातहरु सहित सहयोग मागका लागि मिति २०८१ साल जेष्ठ मसान्तसम्म यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावहरु पेश हुने समयभन्दा अगावै पहिलो प्रस्ताव आउनेलाई पहिलो प्राथमिकताको आधारमा स्वीकृत बजेट बमोजिमको सहयोग उपलब्ध गराईसकेको अवस्था भए थप प्रस्ताव उपर कारबाही नगरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । यो सूचना यस मन्त्रालयको वेभसाईट moiac.koshi.gov.np मा समेत log in गरी हेर्न सकिनेछ ।

**<u>तपसिल</u>**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | उपलब्ध हुन सक्ने सहयोग रकम |
|---|---|---|---|
| १. | औद्योगिक मेला सहयोग कार्यक्रम | १० | प्रति मेला अधिकत्तम ५ लाख |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१. ईच्छुक औद्योगिक एवं व्यापारिक क्षेत्रको सहयोग माग सम्बन्धी आधिकारिक निवेदन ।

२. संस्था दर्ता प्रमाण पत्र (नवीकरण भएको)।

३. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

४. कोशी प्रदेश भित्र उद्यमीहरुले उत्पादन गरेका उत्पादित वस्तुहरुको प्रचार प्रसार गर्न सम्बन्धित ईच्छुक उद्यमीहरुलाई स्टलको व्यवस्था गरी उत्पादनको व्यवसायीकरण, बजारीकरण एवं विविधिकरणमा सहयोग पुग्ने खालका कार्यक्रम कार्ययोजना सहितको प्रस्ताव ।

५. औद्योगिक मेला संचालन गर्ने सम्बन्धी संघ/संस्थाको माईनुटको प्रतिलिपी (संचालन हुने स्थान, मिति र समय समेत खुलेको) ।